"गाउँ-शहरमा आम सन्चार, चेतना र प्रेरणाको शुभ समाचार"

ख वर्गको पत्रिका

# गुड न्यूज

Good News National Weekly राष्ट्रिय साप्ताहिक

यसभित्र...


- शुभकामना ज्ञापन ... पृष्ठ - २
- धारावाहिक जीवन दर्शन, कविता/ भावना/गजल ... पृष्ठ - ४


वर्ष १५, अंक - २८ २०७९ मंसिर २६ गते सोमबार देखि पुष ०३ गते आइतवार सम्म (Good News National Weekly, Dec. 12 to Dec. 18, 2022) मुल्य रु. ५/-

## कोहलपुर नगरपालिकाको नमूना काम

# नगर प्रहरीलाई नेपाल प्रहरीको तालिम






*नेपाल प्रहरीको आवासीय तालिम दिएर भर्ना गरिएका कोहलपुर नगरपालिकाका नगर प्रहरीको दीक्षान्त समारोह । वायाँ तस्बिरमा सलामी अर्पण गर्दै नगर प्रहरी । फोटो : गुड न्यूज रा. साप्ताहिक*

*गुड न्यूज संवाददाता*
*नेपालगन्ज*

२५ मंसिरमा नेपालगन्जको कर्णाली प्रदेश प्रहरी तालिम केन्द्रको चौरमा टाँगिएको टेन्टमा जनप्रतिनिधि, नेता, सरकारी अधिकारी, समाजका लब्धप्रतिष्ठित व्यक्तिले मञ्च भरि भराउ थियो । चौरमा प्रहरी कला-कौशल प्रस्तुत गरिरहेका थिए ।

यीं दृश्यले प्रहरीको दीक्षान्त समारोह भनेर अनुमान लगाउन सकिन्थ्यो । किनकि नेपाल प्रहरीको यो तालिम केन्द्रमा तालिम र दीक्षान्त समारोह सधैं भइरहेको हुन्छ । तर फरक के थियो भने यो दीक्षान्त नेपाल प्रहरीको नभएर नगर प्रहरीको थियो । प्रहरी र नगर प्रहरीको कार्यक्रम भनेर छुट्याउने कुनै आधार थिएन ।

कोहलपुर नगरपालिकाले नगर प्रहरी भर्ना र तालिम गर्न नेपाल प्रहरीसँग सहकार्य गरेको थियो । कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र नेपालगन्जले कोहलपुरका नगर प्रहरी छनोट गर्ने देखि आवासीय तालिम दिएको थियो । कार्यक्रममा कर्णाली प्रदेश प्रहरी तालिम केन्द्रका प्रहरी वरिष्ठ उपरीक्षक चक्रबहादुर सिंहले नगरपालिकाले आवासीय सुविधासहित नगर प्रहरीलाई यसखालको तालिम दिनु नमूनायोग्य भएको भन्दै प्रसंशा व्यक्त गरे । उनले शिक्षार्थीहरुले प्रदर्शन गरेको उच्च कोटीको अनुशासन, सामुहिक भावनाको विकास, लगनशीलता, सकारात्मक सोंच, अभिरुची एवं धैर्यताका साथ तालिम सम्पन्न भएको भन्दै आफ्नो जिम्मेवारी कार्यक्षेत्रमा कुशलतापूर्वक निर्वाह गर्न निर्देशन दिए ।

कोहलपुर नगरपालिकाका नगर प्रमुख पुर्णप्रसाद आचार्यले लगनशील, कर्मठ र योग्य कर्मचारीको रुपमा आफुलाई स्थापित हुनेगरी आफ्नो भूमिका उत्कृष्ट बनाउन दीक्षित भइ जाने प्रशिक्षार्थी प्रहरी जवान लाई निर्देशन दिएका थिए ।

तालिमका संयोजक प्रहरी निरीक्षक यामबहादुर मल्लका अनुसार नगर प्रहरी लाई आधारभूत तालिम दिएको बताए । ४५ दिनको तालिममा २५ दिन प्रहरीको तालिम केन्द्रमा आवासीय तालिम दिइएको थियो । जसमा प्राथमिक कवच, लठ्ठी तालिम, सलाम गर्न सिकाउने, परेड खेल्न सिकाउने, पिटी सिकाइएको थियो ।

२० दिन भने कोहलपुर नगर क्षेत्र परिसरमा फिल्ड एट्याचमेन्ट (व्यवहारिक ज्ञान) दिइएको थियो । १२ पुरुष र ७ महिला गरी १९ जना प्रहरी जवानलाई आवासिय व्यवस्थासहित आधारभूत तालिम प्रदान गरिएको नगर प्रहरी प्रमुख वीरबहादुर थापाले जानकारी दिए । कोहलपुर नगर पालिकामा थापाको कमाण्डमा दुई जना प्रहरी सहायक निरीक्षक, दुई जना प्रहरी हवल्दार र १९ प्रहरी जवान गरी २४ जनाको टोली छ । उनीहरु सबैलाई तहगत अनुसार नै नेपाल प्रहरीले पाउने तलब, भत्ता र राशन सेवा-सुविधा उपलब्ध गराइएको नगर प्रहरी इन्चार्ज प्रहरी निरीक्षक वीरबहादुर थापाले जानकारी दिए । कोहलपुरमा नगर प्रहरीको छुट्टै

(बाँकी पृष्ठ ४ मा)






गुड न्यूज राष्ट्रिय साप्ताहिकका लागि प्रकाशक/प्रधान-सम्पादक
डक्ट प्रसाद धिताल
मुख्य सम्बाददाता : तिलक ब. नेपाली
कानूनी सल्लाहकार : नरेन्द्रनाथ योगी
संरक्षक : सुशिला बसेल
सल्लाहकार : पा. के. बी. बसेल
कार्यालय : नेपालगञ्ज उपमहानगरपालिका-१०, गोसाईगाउँ, बाँके
फोन नं. : ०८१-५२६९९५, ९८४८०२०८४२
पोष्ट बक्स नं. : ४७
ईमेल :- goodnews_paper20@yahoo.com
goodnews.nepal@gmail.com
मुद्रक ::सुभाष प्रिन्टिङ्ग प्रेस, नेपालगञ्ज-११,
त्रिभुवनचौक, बाँके
(फोन:- ०८१-५३११८१, ९८४४८८९९९९)

# सम्पादकीय

## ख्रीष्टमस शुभकामना !!!

प्रभु येशू ख्रीष्टको
जन्मोत्सव २०७९
तथा अंग्रेजी नयाँ वर्ष २०23 ले
हाम्रा पाठक/ग्राहक, शुभेच्छुक तथा
समस्त नगरवासी, जिल्लावासी
एवं सम्पूर्ण नेपालीहरुमा आनन्द,
शान्ति, आरोग्यता, प्रगती र
सफलता ल्याएर पारस्परिक
सहयोग, सौहार्दता र सहिष्णुताको
भावनाको विकास गरोस् भन्दै
हार्दिक शुभ कामना
ब्यक्त गर्दछौं ।

डक्ट प्रसाद धिताल
(प्रकाशक/सम्पादक)
एवं गुड न्यूज रा. साप्ताहिक परिवार
नेपालगन्ज - १०, बाँके

## ख्रीष्टमस शुभकामना !!!

# ख्रीष्टमस २०२२ को हार्दिक शुभकामना !

हाम्रा प्रभु येशू ख्रीष्टको जन्मोत्सव २०७९
तथा अंग्रेजी नयाँ वर्ष २०23 ले
हामी समस्त नगरवासी, जिल्लावासी
एवं सम्पूर्ण नेपालीहरुमा आनन्द, शान्ति,
आरोग्यता, प्रगती र सफलता ल्याएर पार
स्परिक सहयोग, सौहार्दता र सहिष्णुताको
भावनाको विकास गरोस् भन्दै
हार्दिक शुभ कामना ब्यक्त गर्दछौं ।

| | |
|---|---|
| **सन्देश मण्डली परिवार**<br>राप्ती गाउँपालिका<br>वडा नं. - ३, बसन्तपुर र मसुरीया,<br>वडा नं. - ४, खिन्नैटा<br>वडा नं. - ७, अर्नाहनपुर,<br>दाङ्ग | **सन्देश मण्डली परिवार**<br>लमही नगरपालिका<br>वडा नं. - ३, मजगाउँ,<br>वडा नं. - ४ सेमरहवा,<br>वडा नं. - १ सुनडबरी<br>दाङ्ग |
| **सन्देश मण्डली परिवार**<br>राप्ती गाउँपालिका<br>वडा नं. - ७, सिसहनीया,<br>वडा नं. - ८, बिजौरी<br>लमही न.पा. - २, बरुवागाउँ,<br>दाङ्ग | **सन्देश मण्डली परिवार**<br>लमही नगरपालिका<br>वडा नं. - ६, लमही/देउपुर,<br>वडा नं. - ७, हसनापुर र जनकपुर,<br>वडा नं. - ८, सतबरीया र खोलिगाउँ,<br>दाङ्ग |
| **सन्देश मण्डली परिवार**<br>राप्ती गाउँपालिका<br>वडा नं. - ४, मौरीघाट,<br>वडा नं. - ६, बगरापुर,<br>दाङ्ग | **सन्देश मण्डली परिवार**<br>राप्ती गाउँपालिका<br>वडा नं. - २, कठाह,<br>वडा नं. - ३, मसुरीया,<br>दाङ्ग |
| **सन्देश मण्डली परिवार**<br>गढवा गाउँपालिका<br>वडा नं. - ३, गोबडिहा,<br>वडा नं. - ४, पर्सेनी,<br>वडा नं. - ५, बाँकीगाउँ<br>वडा नं. - ७, मानपुर गाउँ र घोराहा<br>दाङ्ग | **सन्देश मण्डली परिवार**<br>शिवराज नगरपालिका<br>वडा नं. - ९, भगवानपुर<br>बिजयनगर गाउँपालिका - १, जौबरात<br>वडा नं. - २, लोहरौला<br>वडा नं. - ४, शंकरपुर<br>कपिलबस्तु |
| **सन्देश मण्डली परिवार**<br>राजपुर गाउँपालिका<br>वडा नं.- ६, गंगडी खोला<br>दाङ्ग | **सन्देश मण्डली परिवार**<br>राजपुर गाउँपालिका,<br>वडा नं. - ६, गंगडी<br>दाङ्ग |
| **सन्देश मण्डली परिवार**<br>गोडनी, (बलरामपुर) भारत<br>सेवक : गणेश चौधरी | **सन्देश मण्डली परिवार**<br>राजापुर नगरपालिका<br>वडा नं. - ८, पुरैना<br>बर्दिया |
| **सन्देश मण्डली परिवार**<br>बारबर्दिया नगरपालिका<br>वडा नं.- ५, जब्दवा,<br>बर्दिया | **सन्देश मण्डली परिवार**<br>बारबर्दिया नगरपालिका<br>वडा नं. - ७, सोनपुर,<br>बर्दिया |
| **सन्देश मण्डली परिवार**<br>बारबर्दिया नगरपालिका<br>वडा नं. - ९, कतरनिया<br>बर्दिया | **सन्देश मण्डली परिवार**<br>बारबर्दिया नगरपालिका<br>वडा नं. - ८, दुद्धा<br>बर्दिया |

गुड न्यूज
२०७९ मंसिर २६ गते सोमबार देखि पुष ०३ गते आइतवार सम्म
(Good News National Weekly, Dec. 12 to Dec. 18, 2022)


संवाद /अन्तरवार्ता

# "हाम्रा मुद्दा नमिलेसम्म कुनै गठबन्धनमा बस्दैनौं" : रेशम चौधरी

**मंसिर २०, २०७९ मंगलबार**

*नागरिक उन्मुक्ति पार्टीले यस पटकको निर्वाचनमा तीन सिटसहित संघीय संसदा प्रवेश गर्दैछ । यो पार्टीको संरक्षकमा रेशम चौधरी छन् । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा संघमा प्रत्यक्षतर्फ तीन सिट र प्रदेशमा आठ सिट ल्याएको यो पार्टीले समानुपातिकतर्फ अँझै थ्रेसहोल्ड कटाउन सकेको छैन । निर्वाचन आयोगका अनुसार समानुपातिकतर्फ यस पार्टीले दुई लाख ७१ हजार छ सय ९६ मत प्राप्त गरेको छ ।*

*यही मङ्सिर ४ गते भएको निर्वाचनमा उनकी धर्मपत्नी एवं पार्टी अध्यक्ष रञ्जु श्रेष्ठ कैलाली निर्वाचन क्षेत्र नं १ बाट ३० हजार चार सय चार मतसहित निर्वाचित भएकी छन् । उनले नेपाली कांग्रेसका उम्मेदवार रामजनम चौधरीलाई पराजित गरी सदनमा प्रवेश गरेकी हुन् । कांग्रेसका चौधरीले १८ हजार ८१ मत प्राप्त गरेका थिए । सोही पार्टीबाट कैलाली क्षेत्र नं २ मा अरुणकुमार चौधरीले २१ हजार आठ सय ७१ मत ल्याएर निर्वाचित भए । नेकपा एमालेका झपटबहादुर रावललाई पराजित गर्दै उनी संघको सांसद बनेका हुन् ।*

*एमालेका रावलले १६ हजार एक सय २८ मत ल्याए । यस्तै क्षेत्र नं ३ बाट गंगाराम चौधरीले नेकपा माओवादी केन्द्रका कृष्णकुमार चौधरीलाई पराजित गर्दै संसदीय यात्रा तय गरेका छन् । गंगारामले २३ हजार एक सय २० मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी कृष्णकुमार चौधरीले १७ हजार सात सय ४९ मत ल्याए ।*

*रेशम चौधरीका पिता लालवीर चौधरी बर्दिया निर्वाचन क्षेत्र नं २ बाट २६ हजार पाँच सय २० मतसहित स्वतन्त्र उम्मेदवारका रुपमा विजयी भएका छन् । उनका प्रतिस्पर्धी माओवादी केन्द्रका सुरेश पन्थले २६ हजार तीन सय ८४ मत ल्याए । विसं २०७२ भदौ ७ गते कैलालीको टीकापुरमा भएको घटनामा संलग्न भएको अभियोगमा जेल सजाय भोगिरहेका रेशमको पार्टी निर्वाचन परिणाम आएसँगै सरकार गठनका सन्दर्भमा पुनः चर्चामा रहेको छ ।*

*सरकार गठनका लागि बहुमत जुटाउने कसरत भइरहेका बेला नागरिक उन्मुक्ति पार्टी कुन कित्तामा उभिन्छ भन्ने पनि जनचासोको विषय छ । निर्वाचन परिणामपछि विकसित राजनीतिक घटनाक्रम र सरकार गठन लगायत समसामयिक विषयमा राससका समाचारदाताद्वय टीका राम सुनार र सिबी अधिकारीले गरेको कुराकानीको सारसंक्षेप :*



➢ ***भर्खरै आम निर्वाचन सम्पन्न भएको छ, निर्वाचनलाई कसरी लिनुभएको छ ?***

– निर्वाचन जनमत परीक्षण गर्ने विधि हो । यसलाई पार्टीले स्वाभाविक रुपमा लिएको छ । यस पटकको निर्वाचनमा पुराना दलप्रतिको वितृष्णा र नयाँ दलप्रतिको आकर्षण देखियो । परिणामले जनताले परिवर्तन चाहेको देखिएको छ ।

➢ ***निर्वाचनमा पहिलो पटक भाग लिएको नागरिक उन्मुक्ति पार्टीले ल्याएको मत परिणामबारे यहाँले कसरी समीक्षा गर्नुभएको छ ?***

– निर्वाचनबाट हाम्रो पार्टीको विचार र मुद्दा अनुमोदन भएको छ । जनताले हाम्रा मुद्दालाई २०७४ देखि नै समर्थन गरिरहेका छन् । हामीलाई न्याय देऊ भनेर तीनपटक हाम्रो पक्षमा मतदान भइसकेको छ । जनताको अदालतबाट त हामीले मुक्ति पाइसकेका छौं । तर राज्यले त्यसलाई सम्बोधन गरेको छैन ।

जहाँसम्म परिणामको कुरा छ, हामीले छोटो समयमा संघ र प्रदेशमा गरी १२ सांसद पाउँदै छौं । पाँच निर्वाचन क्षेत्रमा हाम्रो पार्टीका उम्मेदवार दुई सयभन्दा कम र नौ स्थानमा एक हजारभन्दा कम मतले पराजित हुनुभएको छ । स्थानीय तहमा करिब सय जना साथीहरु निर्वाचित भइसक्नुभएको छ ।

➢ ***तपाईंको पार्टीलाई प्राप्त मतलाई कसरी विश्लेषण गर्नु–हुन्छ ?***

– टीकापुर घटना राज–नीतिक घटना हो । तर पनि हाम्रा साथीहरु जेलमा छन् । कैयौंले मुद्दा खेपिरहनु भएको छ । यस पटक हामीले तीन प्रकारका मतदाताबाट माया पायौं । टीकापुर घटनाले मन दुःखेका, हाम्रो न्यायका लागि मत राख्नेहरु र नयाँ अपेक्षा राख्ने मतदाताले हामीलाई सहयोग र समर्थन गरी मतदान गर्नुभएको छ ।

➢ ***अरूबाट कस्तो प्रतिक्रिया पाइरहनुभएको छ ?***

– मैले पुराना दल तथा नेताबाट व्यक्त विचार हेरिरहेको र सुनिरहेको छु । उहाँहरुले हामीहरुलाई बिलाएर जान्छन्, अस्तित्व छैन, दृष्टिकोण नै नभएका भन्नेखालका लाञ्छना लगाइरहनु भएको छ । तर हामीलाई यस्तो आरोप लगाइरहँदा हाम्रो घोषणापत्र एकपटक अध्ययन गरेर मात्र बोलिदिएको भए हुन्थ्यो भन्ने लाग्छ ।

*(बाँकी पृष्ठ ५ मा)*

भाइरसले भेदभाव गर्दैन, हामीले पनि नगरौं

जुनसुकै जात, धर्म, लिङ्ग, क्षेत्र, उमेर वा वर्णका मानिसहरुलाई
कोभिड-१९ संक्रमण हुनसक्छ

कोभिड-१९ संक्रमितलाई अपहेलना र भेदभाव नगरौं

कोभिड-१९ संक्रमण भएर आइसोलेसनमा बसिरहनुभएका हाम्रा
आफन्त र छिमेकीहरुको नजिक जान नमिले पनि टाढैबाट

माया र हौसला बाडौं



इलुमिनेट नेपाल मिडिया सेन्टर
(Illuminate Nepal Media Center)
नेपालगन्ज उपमहानगरपालिका – १० सोफियाटोल, बाँके
(सम्पर्क नंबर : ०८१–५२४९७२)

इलुमिनेट नेपाल मिडिया सेन्टर
(Illuminate Nepal Media Center)
द्वारा जनहितमा जारी सन्देश

## धारावाहिक जीवन दर्शन

# येशूलाई क्रुसमा टाँग्ने दण्डाज्ञा

१तब पिलातसले येशूलाई लगेर कोर्रा लाउन लाए। २अनि सिपाहीहरूले काँढाको मुकुट गाँथेर उहाँको शिरमा लगाइदिए, र उहाँलाई बैजनी रङ्गको वस्त्र पहिराइदिए, ३र उहाँको नजिक आएर भने, "प्रणाम, यहूदीहरूका राजा" अनि तिनीहरूले उहाँलाई थप्पड लाए।

४फेरि बाहिर निस्केर पिलातसले तिनीहरूलाई भने, "हेर, म यिनलाई तिमीहरूकहाँ बाहिर ल्याइ रहेछु, र तिमीहरूलाई जनाउन चाहन्छु, म यिनमा केही दोष पाउँदिन।" ५तब काँढाको मुकुट र बैजनी रङ्गको वस्त्र पहिरिएका येशू बाहिर आउनुभयो, र पिलातसले तिनीहरूलाई भने, "हेर, यो मानिस।" ५जब मुख्य पूजाहारीहरू र पहरेदार हरूले उहाँलाई देखे, तिनीहरू यसो भन्दै चिच्च्याउन लागे, "त्यसलाई क्रुसमा टाँग्नुहोस्, त्यसलाई क्रुसमा टाँग्नुहोस्"।"

पिलातसले तिनीहरूलाई भने, "तिमीहरूले नै यिनलाई लगेर क्रुसमा टाँग, किनभने म यिनमा केही दोष पाउँदिनँ"।" ७यहूदीहरूले उनलाई जवाफ दिए, "हाम्रो एउटा व्यवस्था छ, र त्यस व्यवस्था अनुसार यो मर्नैपर्छ, किनकि यसले आफैलाई परमेश्वरको पुत्र तुल्याएको छ।" ८यो कुरो सुनेर पिलातस झन् डराए। ९उनी फेरि महलभित्र पसे र येशूलाई सोधे, "तिमी कहाँका हौ ?"

तर येशूले उनलाई केही जवाफ दिनुभएन। १०यसकारण पिलातसले उहाँलाई भने, "के तिमी मसँग बोल्दैनौ ? तिमीलाई छोडिदिने अधिकार मसँग छ, र तिमीलाई क्रुसमा टाँग्ने अधिकार पनि मसँग छ भन्ने तिमीलाई थाहा छैन ?"

११येशूले जवाफ दिनुभयो, *"तपाईंलाई माथिबाट नदिइएको भए ममाथि तपाईंको केही अधिकार हुनेथिएन। यसकारण मलाई तपाईंका हातमा सुम्पिदिने अँझ बढी पापको दोषी छ।"*

१२त्यसपछि पिलातसले उहाँलाई छोडिदिन बढी प्रयत्न गरे। तर यहूदीहरू यसो भन्दै कराए, "यदि तपाईंले यस मानिसलाई छोडिदिनुभयो भने तपाईं कैसरका मित्र हुनुहुन्न। आफैलाई राजा हुँ भनी दाबी गर्ने प्रत्येक कैसरको विरुद्धमा खडा हुन्छ।"

१३पिलातसले यी कुरा सुनेर येशूलाई बाहिर ल्याए, र उनी 'ढुंगाका पाटी' भनिने ठाउँमा (जसलाई हिब्रुमा गब्बथा भनिन्छ) न्याय आसनमा बसे। १४त्यस समय निस्तार-चाडका तयारीको दिन थियो। दिउँसोको करीब बाह्र बजेको थियो। पिलातसले यहूदीहरूलाई भने, "हेर, तिमीहरूका राजा" १५तर तिनीहरू यसो भन्दै चिच्च्याए, "लैजानुहोस्, लैजानुहोस्, त्यसलाई क्रुसमा टाँग्नु होस्।"

पिलातसले तिनीहरूलाई सोधे, "के म तिमीहरूका राजालाई क्रुसमा टाँगू ?" मुख्य पूजाहारीहरूले जवाफ दिए, "कैसरबाहेक हाम्रो अरू राजा छैन।" १६तब उनले उहाँलाई क्रुसमा टाँग्न तिनीहरूका हातमा सुम्पिदिए। यसकारण सिपाहीहरूले येशूलाई जिम्मा लिए।

### येशू क्रुसमा

१७उहाँ आफ्नो क्रुस आफै बोकेर खप्परे भनिने ठाउँमा जानुभयो, जसलाई हिब्रूमा गलगथा भनिन्छ। १८त्यहाँ तिनीहरूले उहाँलाई क्रुसमा टाँगे र उहाँसँग अरू दुई जनालाई टाँगे, एक जनालाई एकापट्टि र अर्कालाई अर्कोपट्टि, अनि माझमा येशूलाई।

१९पिलातसले एउटा दोष-पत्र पनि लेखे, अनि क्रुसमाथि टाँसिदिए। त्यसमा यही लेखिएको थियो, "नासरतका येशू, यहूदीहरूको राजा।" २०अब धेरै यहूदीहरूले यो दोष-पत्र पढे, किनभने येशू क्रुसमा टाँगिनुभएको ठाउँ सहरको नजिकै थियो। यो हिब्रु, ल्याटिन र ग्रीक भाषामा लेखिएको थियो। २१यहूदीहरूका मुख्य पूजाहारीहरूले पिलातसलाई भने, "यहूदीहरूका राजा" भन्ने होइन, तर "यसले म यहूदीहरूका राजा हुँ भन्यो" भनी लेख्नुहोस्।"

२२पिलातसले जवाफ दिए, "मैले जे लेखें, लेखें।" २३जब सिपाहीहरूले येशूलाई क्रुसमा टाँगे, तब तिनीहरूले उहाँका वस्त्र लिएर प्रत्येक सिपाहीलाई एक-एक भाग हुने गरी चार भाग गरे। उहाँको बाहिरी वस्त्र पनि लिए, तर त्यो वस्त्रचाहिं सिउनी नभएको माथिदेखि तलसम्मै बुनेको सग्लो थियो।

२४यसकारण तिनीहरूले आपसमा भने, "योचाहिं नच्यातौं, तर यो कसको हुने हो भनी चिट्ठा हालौं।" धर्मशास्त्र पूरा होस् भनेर नै यो भएको थियो :

"तिनीहरूले मेरो वस्त्र आफू-आफूमा बाँडे, र बाहिरी वस्त्रमा चाहिं चिट्ठा हाले।" २५यस कारण सिपाहीहरूले यो काम गरे। अनि येशूको क्रुसको नजिक उहाँकी आमा, उहाँकी आमाकी बहिनी, क्लोपासकी पत्नी मरियम र मरियम मग्दलिनी उभिरहेका थिए।

२६जब येशूले आफ्नी आमालाई र उहाँले माया गर्नुहुने चेला नजिकमा उभिरहेका देख्नुभयो, तब उहाँले आफ्नी आमालाई भन्नुभयो, *"नारी, हेर्नुहोस्, तपाईंको छोरो"।"* २७तब त्यस चेलालाई पनि उहाँले भन्नुभयो, "हेर, तिम्री आमा"।" त्यस बेलादेखि त्यस चेलाले उनलाई आफ्नै घरमा लगे।

### *येशूको मृत्यु*

२८यसपछि येशूले सबै कुरा अब सिद्धिए भनी जानेर धर्मशास्त्र पूरो होस् भनी भन्नुभयो, *"मलाई तिर्खा लाग्यो।"* २९त्यहाँ सिर्काले भरिएको एउटा भाँडो राखिएको थियो। यसकारण सिर्काले भरिएको स्पन्ज एउटा हिसपको हाँगामा राखेर तिनीहरूले उहाँको मुखमा पुऱ्याइदिए। ३०जब येशूले सिर्का लिनुभयो, तब उहाँले भन्नुभयो, *"अब सिद्धियो,"* र उहाँले शिर निहुराएर आफ्नो आत्मा त्यागिदिनु भयो।

३१त्यो दिन तयारीको दिन थियो। यसकारण यहूदीहरूले शबाथमा (विशेष गरी यस शबाथमा, जुनचाहिं महत्वपूर्ण थियो) मृत शरीरहरू क्रुसमा नरहून् भनी पिलातसलाई बिन्ती गरे, र तिनीहरूका खुट्टा भाँचेर तिनीहरूका शरीर लगिऊन् भनी माग गरे।

३२तब सिपाहीहरू आएर उहाँसँग क्रुसमा टाँगिएकाहरूका खुट्टा भाँचे, पहिले एक जनाको, त्यसपछि अर्कोको। ३३जब तिनीहरू येशूकहाँ आए तिनीहरूले देखे, कि उहाँको मृत्यु अघि नै भइसकेको रहेछ, र उहाँका खुट्टा भाँचेनन्। ३४तर सिपाहीहरूमध्ये एक जनाले उहाँको कोखामा भालाले घोच्यो, र तुरुन्तै रगत र पानी निस्क्यो।

३५तिमीहरू पनि विश्वास गर्न सक भनी यो देख्नेले गवाही दिएको हो र उसको गवाही साँचो छ, र साँचो बोल्दछु भनी ऊ जान्दछ। ३६"उहाँको कुनै पनि हड्डी भाँचिनेछैन" भन्ने धर्मशास्त्रको वचन पूरा होस् भनेर यी कुरा हुन आए। ३७अनि फेरि अर्को ठाउँमा धर्मशास्त्र भन्छ, "जसलाई तिनीहरूले घोचेका छन्, तिनीहरूले उहाँलाई हेर्नेछन्।"

### येशूको दफन-कार्य

३८त्यसपछि अरिमाथियाको योसेफ, जो यहूदीहरूको डरले गर्दा गुप्तमा मात्र येशूका चेला थिए, तिनले पिलातसलाई येशूको मृत शरीर लैजान पाऊँ भनी बिन्ती गरे। पिलातसले अनुमति दिए। तब तिनले आएर उहाँको मृत शरीर लगे।

३९अनि अघि उहाँकहाँ राती आउने निकोदेमस पनि प्रायः तेत्तीस किलो मूर्र र एलवा मिश्रित द्रव्य लिएर त्यहाँ आए। ४०यसरी तिनीहरूले येशूको शरीर यहूदीहरूको दफन-कार्यको रीतिअनुसार सुगन्धित द्रव्यसँग सूती कपडामा बाँधे।

४१उहाँ क्रुसमा टाँगिनुभएको ठाउँमा एउटा बगैंचा थियो। त्यस बगैंचामा कहिल्यै कोही नराखिएको एउटा नयाँ चिहान थियो। ४२किनकि यहूदीहरूका तयारीको दिन थियो, अनि त्यो चिहान पनि नजिकै थियो, र तिनीहरूले येशूलाई त्यहीं चिहानमा राखे।

*(स्रोत :- पवित्र धर्मशास्त्र बाइबल, (यूहन्ना १९ : १ - ४१)*

## इतिहास पल्टाएर हेर्दा...

बेलायतकी महारानी एलिजाबेथ द्वितीयाका हजुर बुवा सम्राट जर्ज पञ्चमले १११ वर्ष अघि विक्रम संवत् १९६८ सालको मंसिरमा आखेट गर्ने प्रयोजनले पर्सा जिल्लाको ठोरी क्षेत्रको भ्रमण गरेका थिए।

तीर्थ यात्रा र वैवाहिक प्रयोजनले नेपाल आएका भारत वर्षका राजाहरुभन्दा बाहेक नेपाली भूमि टेक्ने उनी पहिलो विदेशी राजा थिए।

भारतको दिल्लीमा आफ्नो दरवार लगाउन आएका सम्राट जर्ज पञ्चमलाई ब्रिटिशहरुले नेपालका केही पर्वतीय स्थलहरु जस्तै- इलाम, पाल्पा वा चित्लाङको भ्रमण गराउन खोजेका थिए।

त्यो युगमा राजाले टेकेको भूमि उनैको हुन्छ भन्ने मान्यता रहेको समयमा प्रधानमन्त्री चन्द्र शमशेर राणाले बेलायती सम्राटलाई नेपाली भूमिमा धेरै घुमाएर कुनै रिस्क लिन चाहेनन्। सम्राटले कुनै ठाउँ मन पराएर "यो ठाउँ मलाई देऊ" भन्लान् भन्ने उनलाई डर थियो।

तर बेलायतसंगको सम्बन्धलाई पनि मैत्रीपूर्ण बनाउनु पर्ने बाध्यताले गर्दा चन्द्र शमशेरले बेलायती सम्राटको आखेटस्थल नेपाल र अंग्रेजशाशित भूमिको सीमाक्षेत्र नजिकैको ठोरीलाई छनोट गरे। जर्ज पञ्चमको टोली भिखना ठोरीसम्म रेलमा आएर त्यसपछि ठोरीसम्म हात्तीद्वारा आई क्याम्प बनाएर केही दिन बसेर आखेटको आनन्द बटुलेर फर्केको थियो।

चन्द्र शमशेरले ठोरीमा बेलायती सम्राटको स्वागत विदेशी राष्ट्राध्यक्षकै रुपमा भव्य रुपले गरेका थिए। जर्ज पञ्चमलाई पनि आफ्नो शासन क्षेत्रभन्दा बाहिर अर्कै देशमा पुगेको अनुभूति भयो।

जर्ज पञ्चमको यस भ्रमणबाट नेपाललाई के लाभ भयो भने एक दशकपछि बेलायतले नेपाललाई स्वतन्त्र राष्ट्रको मान्यता दिने निर्णय गरेको थियो।

प्रस्तुत चित्रमा चन्द्र शमशेर राणा बेलायती सम्राट जर्ज पञ्चमसित आखेटमा मारिएको बाघलाई अघिल्तिर सुताएर उभिएका देखिन्छन्।

यिनै फिस्टे प्रधानमन्त्री चन्द्र शम्शेरले विक्रम संवत् १९७७ सालको आषाढ २५ गते नेपालबाट सतीप्रथाको अन्त्य गरेका थिए। सतीप्रथा ब्राम्हण र ठकुरी समुदायमा व्याप्त थियो।

नेपालबाट सतीप्रथा उन्मुलन भएको पनि १०२ वर्ष पुगे छ।



*शब्द तस्बिर :- खगेन्द्र गिरी कोपिलाको फेसबुक पेजबाट*

## नगर ...

ब्यारेक नै छ। उनिहरुलाई २४ घण्टा नै ड्युटी गर्न ब्यारेकमा नै बस्ने व्यवस्था गरिएको छ। "२४ घण्टा नै सेवा दिने उद्देश्यले नगर प्रहरीको नियुक्ति गरिएको छ। मोबाइल गस्ती, साइकल गस्ती, मोटरसाइकलबाट गस्ती नगर प्रहरीले गरिरहेका छन्", प्रमुख थापाले भने, "खबर गरेको दुई मिनेटमा प्रहरी पुग्ने गरी परिचालनको व्यवस्था गरेका छौं।"

गत १३ साउनमा कोहलपुर नगरपालिकाले नगर प्रहरी निरीक्षक पदको विज्ञापन खोलेको थियो। प्रारम्भिक स्वास्थ्य परीक्षण, शारिरीक तन्दुरुस्ती परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण, लिखित परीक्षा र अन्तवार्ताबाट उत्तीर्ण नेपाल प्रहरीको सेवा निवृत्त वीरबहादुर थापा १९ भदौमा नियुक्त भए। उनीसँगै नगर प्रहरी सहायक निरीक्षक पदमा डिल्ली बहादुर चन्दलाई नियुक्ति गरियो। नगर प्रहरी हवल्दार पदमा पनि यज्ञबहादुर तिमिल्सैना र राजेन्द्र बहादुर सुनार पनि नियुक्त भए। नगर प्रहरी सहायक निरीक्षकमा कर्णबहादुर चन्द ठकुरी पनि नियुक्त भएका थिए। वैकल्पिक एवं अस्थायी सूचीमा रहेका ७ जना नगर प्रहरीसँग करार सम्झौता गरिएको थियो। १३ साउनको विज्ञापन अनुसार नै खुलातर्फ ८ जना, महिला ३ जना, जनजाति १ जना गरी १२ जना नगर प्रहरीलाई १९ भदौमा चयन गरिएको थियो। नगर प्रहरीको परीक्षा पनि नेपाल प्रहरीको तालिम केन्द्रले लिएको थियो। यस अघि भरतपुर महानगर पालिकाले ०७६ असारमा नगर प्रहरी भर्ना छनोटमा नेपाल प्रहरीको भरतपुरस्थित जुनियर प्रहरी अधिकृत शिक्षालयको सहयोग लिएको थियो। भरतपुर नगर प्रहरी जवान पुरुषोत्तम चिलुवालले छनोट गर्दा नेपाल प्रहरीको सबै मापदण्ड पुरा गरे पनि नगर प्रहरीको नेतृत्वमा भु.पु. प्रहरी भएकाले उनीहरुले तालिम दिएका थिए। भरतपुरमा ११ जना भु.पु. प्रहरीलाई नियुक्त गरी अरु २५ जना नयाँ युवा-युवतीलाई भर्ना गरिएको थियो। नेपाल प्रहरी प्रधान कार्यालयका प्रवक्ता डीआइजी टेकप्रसाद राई कोहलपुर नगरपालिकाको नगर प्रहरी भर्ना र छनोट गर्न नगर प्रहरी जवान आधारभूत तालिम पाठ्यक्रम बनाएर सहयोग गरेको बताउँछन्। "नगर प्रहरी छनोटका लागि भएको यो नमूना काम हो। पाठ्यक्रम नै बनेकाले अरु स्थानीय तहले पनि यही विधिमा नगर प्रहरी छनोट गर्ने बाटो खुलेको छ", प्रवक्ता राईले भने, "कोहलपुरले जस्तो नेपाल प्रहरीको सहयोगमा अन्य स्थानिय निकायहरुमा नगर प्रहरीको भर्ना, तालिम र दीक्षान्त समारोह गरिएको छैन।"

खीष्टमस २०२२ को हार्दिक शुभकामना !
हाम्रा प्रभु येशू ख्रीष्टको जन्मोत्सव २०७९ तथा अंग्रेजी नयाँ वर्ष २०२३ ले हामी समस्त नगरवासी, जिल्लावासी एवं सम्पूर्ण नेपालीहरुमा आनन्द, शान्ति, आरोग्यता, प्रगती र सफलता ल्याएर पारस्परिक सहयोग, सौहार्दता र सहिष्णुताको भावनाको विकास गरोस् भन्दै हार्दिक शुभ कामना ब्यक्त गर्दछौं।
झलक सिंह एवं सम्पूर्ण परिवार सदस्यहरु
नेपालगन्ज - १०, सोफियाटोल, बाँके

# ख्रीष्टमस शुभकामना !


## ख्रीष्टमस २०२२ को हार्दिक शुभकामना !

हाम्रा प्रभु येशू ख्रीष्टको जन्मोत्सव २०७९
तथा अंग्रेजी नयाँ वर्ष २०२३ ले
हामी समस्त नगरवासी, जिल्लावासी
एवं सम्पूर्ण नेपालीहरुमा आनन्द, शान्ति,
आरोग्यता, प्रगती र सफलता ल्याएर
पारस्परिक सहयोग, सौहार्दता र सहिष्णुताको भावनाको
विकास गरोस् भन्दै
हार्दिक शुभ कामना ब्यक्त गर्दछौं ।

| | | |
|---|---|---|
| पाष्टर दिपनाथ धिताल एवं<br>हिमालय गोष्पल चर्च परिवार<br>सिँजा गाउँपालिका - ३,<br>धिताललिही, जुम्ला | पाष्टर रजनी भाम एवं<br>हिमाली सन्देश चर्च परिवार<br>छायाँनाथ रारा नगरपालिका ३,<br>गमगढी, मुगु | पा. प्रेम रोकाया/खगीसरा रोकाया<br>एवं सन्देश चर्च परिवार<br>गुराँस गाउँपालिका - २<br>तल्लो डुंगेश्वर, दैलेख |
| पा.भरत गुरुङ्ग एवं<br>सन्देश चर्च परिवार<br>गुराँस गाउँपालिका - ४<br>घोडाबास, दैलेख | पा. बिन कुमार घर्ती एवं<br>सन्देश चर्च परिवार<br>राप्ती सोनारी गाउँपालिका - ६<br>हब्रहवा, बाँके | पा. सुन कुमार घर्ती एवं<br>सन्देश चर्च परिवार<br>राप्ती सोनारी गाउँपालिका - ७<br>सोनपुर, बाँके |
| पा. दिल कुमारी बि.क. एवं<br>सन्देश चर्च परिवार<br>राप्ती सोनारी गाउँपालिका - ७<br>भिलुनिया, बाँके | पा. दिल कुमारी बि.क. एवं<br>सन्देश चर्च परिवार<br>कोहलपुर नगरपालिका - २<br>बर्दवा, बाँके | पाष्टर नारायण पौडेल एवं<br>सन्देश चर्च परिवार<br>खजुरा गाउँपालिका - १<br>जलपोखरी, बाँके |
| पा./अगुवा/सेवक एवं<br>सन्देश चर्च परिवार<br>बारबर्दिया न.पा. - ५<br>शोभानगर, बर्दिया | पा./अगुवा/सेवक एवं<br>सन्देश चर्च परिवार<br>मधुबन न.पा. - ८<br>ताराताल (कुसुम्भाघाट), बर्दिया | पा./अगुवा/सेवक एवं<br>सन्देश चर्च परिवार<br>मधुबन न.पा. - ८<br>ताराताल (लालीबजार), बर्दिया |
| पा./अगुवा/सेवक एवं<br>सन्देश चर्च परिवार<br>ठाकुरबाबा नगरपालिका<br>बगनाह, बर्दिया | पा./अगुवा/सेवक एवं<br>सन्देश चर्च परिवार<br>बारबर्दिया न.पा. - २<br>जोगीगाउँ, बर्दिया | शुभ सन्देश सभा नेटवर्क नेपाल<br>(ज्ञान नेपाल 'GAN Nepal')<br>नेपालगन्ज - १०, सोफियाटोल, बाँके |
| डा. प्रकाश बसेल/निता शाह (बसेल)<br>एवं असल छिमेकी सामुदायिक<br>अस्पताल परिवार<br>नेपालगन्ज - १०, सोफियाटोल, बाँके | इलुमिनेट नेपाल मिडिया सेन्टर<br>(goodnewskhabar.com)<br>नेपालगन्ज - १०, सोफियाटोल,<br>बाँके | साल्भेसन मिडिया प्रा.लि.<br>(रेडियो मर्निङ्ग स्टार परिवार)<br>नेपालगन्ज - १०, सोफियाटोल,<br>बाँके |

## ख्रीष्टमस २०२२ को हार्दिक शुभकामना !

हाम्रा प्रभु येशू ख्रीष्टको जन्मोत्सव २०७९ तथा अंग्रेजी नयाँ वर्ष २०२३
ले हामी समस्त नगरवासी, जिल्लावासी एवं सम्पूर्ण नेपालीहरुमा
आनन्द, शान्ति, आरोग्यता, प्रगती र सफलता ल्याएर
पारस्परिक सहयोग, सौहार्दता र सहिष्णुताको भावनाको
विकास गरोस् भन्दै
हार्दिक शुभ कामना ब्यक्त गर्दछौं ।

प्रो. तुलाराम पाण्डे एवं देउती अटो पार्ट्स् परिवार
नेपालगन्ज - १०, सोफियाटोल, बाँके


## हाम्रा ...

➢ ***मधेस केन्द्रित दल र पूर्व सहकर्मीप्रतिको बुझाइ के छ ?***

-उहाँहरुप्रति खास केही भन्नु छैन । मैले उहाँहरुलाई सडकमा गइदिनुस्, माइकमा मात्रै बोलेर हुँदैन भनेको थिएँ । तर उहाँहरुले सहानुभूति बटुल्नका लागि मात्रै बोल्नुभयो ।

यसमा निकै दुःख लागेको छ । त्यहाँका जनताले पनि मतमार्फत उहाँहरु प्रतिको गुनासो व्यक्त गरिसकेका छन् । अर्को चन्द्रकान्त (सिके) राउत मूलधारको राजनीतिमा आउनु स्वागतयोग्य कुरा हो । उहाँको जनमत पार्टी मधेशमा वैकल्पिक शक्तिका रुपमा उदाएको छ । बाँकी त हेर्नु नै छ ।

➢ ***निर्वाचनको अन्तिम परिणाम पनि आउने क्रममा छ, सरकार गठनका लागि छलफल पनि भइरहेको छ, यसबीचमा तपाईंसंग कसैको कुराकानी भएको छ ?***

– म आठ वर्षदेखि जेलमा छु । नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र सधैं सरकारमै छन् । मधेस केन्द्रित दलका नेताहरु पनि कुनै न कुनै रुपमा सरकारमै हुनुहुन्छ । उहाँहरुबाट हेर्न केही बाँकी छैन । कुराकानी भए पनि नतिजा नदेखिए सम्म अर्थ रहन्न ।

➢ ***सरकार गठनमा तपाईंहरुको भूमिका के हुन्छ ?***

– हामी सबैसाग सकारात्मक नै छौं । जबसम्म हाम्रा मुद्दाहरु सम्बोधन हुँदैनन् तबसम्म कुनै विकल्पमा जाँदैनौं । कुरा प्रस्ट छ, जुन बाटोबाट म लगायत थुप्रै साथीहरु थुनियौं, मुद्दा खेप्यौं, त्यसबाट मुक्त गर्नु पर्‍यो ।

➢ **त्यसो भए तपाइहरुको मुख्य माग के हो त ?**

– हाम्रा माग पुरानै छन् । पटक-पटक उहाँहरुलाई भनिएकै हो । टीकापुर घटना राजनीतिक घटना हो त्यहीअनुसार व्यवहार गरिनुपर्थ्यो, हालसम्म गरिएको छैन । फेरि पनि ती माग जसले सम्बोधन गर्ने प्रतिबद्धता जनाउँछ, उहाँहरुसँग सहकार्य हुन्छ । त्यो भनेको रिहाइ र सम्मानजनक क्षतिपूर्तिको व्यवस्था गरिनु पर्दछ ।

*(थाहाखबर अनलाइन)*

## नरैनापुरका ...

एक साता भित्रै पठाउने बताउनु भएको छ । अध्यक्ष संगै मन्त्रीलाई भेट्न बाँके क्षेत्र नं. १ (क) बाट निर्वाचित प्रदेश सभा सदस्य कृष्ण केसी नमूना, नरैनापुरका लेखापाल प्रकाश अधिकारी लगायतको टोली लुम्बिनी पुगेको थियो ।


## ख्रीष्टमस २०२२ को हार्दिक शुभकामना !!!

हाम्रा प्रभु येशू ख्रीष्टको जन्मोत्सव
२०७९ तथा अंग्रेजी नयाँ वर्ष २०२३ ले
हामी समस्त नगरवासी, जिल्लावासी
एवं सम्पूर्ण नेपालीहरुमा आनन्द,
शान्ति, आरोग्यता, प्रगती र सफलता
ल्याएर पारस्परिक सहयोग, सौहार्दता
र सहिष्णुताको भावनाको विकास
गरोस् भन्दै
हार्दिक शुभ कामना ब्यक्त गर्दछौं ।

हिरा घर्ती एवं
सम्पूर्ण परिवार सदस्यहरु
नेपालगन्ज - ९, श्रद्धानगर, बाँके

भुपाल विश्वास एवं
सम्पूर्ण परिवार सदस्यहरु
नेपालगन्ज - ९, समाबेशीटोल, बाँके

जि..प्रशा..का.बाँके द.नं. ९३/०६५/०६६
जि.हु.का.बाँके द.नं. १३/०७३/०७४
पान नं. ३०४७७७३७४


# नरैनापुरका अध्यक्ष इस्तियाक अहमद साहले भेटे मुख्यमन्त्री र अर्थमन्त्रीलाई

*गुड न्यूज संवाददाता*
*बाँके*

नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले बुधबार लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुल प्रसाद केसी र अर्थ सहकारी मन्त्री कृष्णध्वज खड्का संग भेट–वार्ता गरेका छन् ।





अध्यक्ष साहले मुख्यमन्त्री कार्यालय भालुवाङमा नरैनापुरको विकास, सुशासन, सेवा प्रवाह र सन्तानेश्वर मन्दिरको विषयमा छलफल गरेका थिए । भेटमा मन्त्री केसीले अध्यक्ष साहसंग लुम्बिनी प्रदेश सरकार नरैनापुर गाउँपालिकाको विकासका लागि नयाँ सरकार गठन पूर्व नै केही महत्वपूर्ण योजना सुरु गर्ने प्रतिबद्धता व्यक्त गरे ।

यसैगरी अर्थ मन्त्री खड्काले अध्यक्ष साहसंगको भेटमा नरैनापुर सबै भन्दा पछाडि परेको पालिका भएकोले नरैनापुरमा शिक्षा, स्वास्थ्य र यातायातका लागि सरकारले विशेष प्याकेज ल्याउन जरुरी रहेको बताए ।

नरैनापुरका अध्यक्ष साहका अनुसार अर्थ मन्त्री खड्का संग हुलाकी सडक देखि रोसनपूर्वा सम्मको रोड र मटेहिया देखि सोनपूर्वा सम्मको रोड निर्माणका लागि बजेट माग भएको छ ।

अर्थ मन्त्री खड्काले तत्काल दुई रोड मध्ये एक रोड निमार्णका लागि बजेट दिने अध्यक्ष साहलाई आश्वासन दिए । अर्थमन्त्री खड्काले मन्त्रालयका सचिव नेत्र सुबेदीलाई नरैनापुरको रोड निमार्णका लागि माग भएको रकम व्यवस्थापन गर्न निर्देशन दिए संगै सचिव सुबेदीले मटेहिया देखि सोनपूर्वा सम्मको रोड निर्माणका लागि चाहिने बजेट

*(बाँकी पृष्ठ ५ मा)*




## *मुटु लगायत स्वास्थ्य समस्याबाट बच्न :*

- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं ।
- नियमितरुपमा शारिरीक ब्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेह जस्ता समस्या भएका ब्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।


*नेपाल सरकार,*
*विज्ञापन बोर्ड*




**कतै बिरानो मुलुकमा बेचिन पुगिएला ?**
**सचेत बनेर जोगिनुहोस् है ।**

**चेलीबेटीको फोटो खाडी मुलुक पठाएर**
**मोलमोलाई गर्छन् दलालहरु**

## कोभिड - १९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं




## सार्बजनिक हितका लागि :

**शुभ सन्देश सभा नेटवर्क नेपाल (ज्ञान नेपाल)** Gospel Assembly Network Nepal "GAN Nepal"

GAN-NEPAL

नेपालगन्ज उपमहानगरपालिका - १०, सोफियाटोल, बाँके